स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दीपन्द्र के. खनालको निर्देशनमा तयार भएको फिल्म "के घर के डेरा: घर नं २"को टिजर सार्वजनिक गारिएको छ । १ मिनेट ४४ सेकेण्ड लम्बाइको टिजरले कथावस्तु प्रकाश पार्न खोजेको छ । काठमाडौंमा घर हुने र डेरामा बस्ने पात्रहरुको संघर्ष, दु:ख, पीडा र वियोगको कथा फिल्मले भन्ने टिजरबाट अनुमान गर्न सकिन्छ । टिजरमा चित्रित हरेक पात्र निराश र पीडामा देखिएका छन् ।

**आजको विचार...**



डिग्रीको.... (दुई पेजमा)

आशिष ठाकुर



अभिनेत्री तथा फिल्म निर्मात्री पूजा शर्माले आफ्नो पछिल्लो फिल्म "रावायण"को लगानीबारेको विवादमा प्रष्टीकरण दिएकी छन् । फेसबुक स्टाटसमार्फत उनले यो सन्दर्भमा आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता नरहेको बताएकी हुन् । यो फिल्मका कार्यकारी निर्माता सुशान पाठकले वैदेशिक अध्ययनका लागि जान लागेको विद्यार्थीको रकम फिल्म निर्माणमा लगानी गरेको तर फिल्म डुबेपछि उनी सम्पर्कविहिन भएको चर्चा अहिले छ ।

❒ वर्ष ३० ❒ अंक २५८ ❒ २०८१ चैत ३१ गते आइतबार 13 April 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# चिन्ता गर्नु पर्दैन योग्य र सक्षम व्यक्ति नै गभर्नर नियुक्ति गर्छौं : अर्थमन्त्री पौडेल

**जगदीश भट्टराई**

**पाल्पा, चैत ३०**/उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाल राष्ट्र बैंकको गभर्नर योग्य र सक्षम व्यक्तिलाई नियुक्ति गर्ने बताएका छन् । शनिबार नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाले तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले बाहिर जसरी हल्ला फैलाइएको छ त्यस्तो नरहेको भन्दै योग्य र सक्षम व्यक्ति नै नियुक्ति गर्ने तयारी सरकारले गरेको बताएका हुन् ।

पत्रकारहरुले राखेका जिज्ञासाको जवाफ दिदै मन्त्री पौडेलले भने "बजारमा अहिले गरिएको चर्चा जस्तो हुँदैन्, यो विषयमा अहिले अनावश्यक चर्चा चलेका छन्, सरकारले क्या राम्रो निर्णय गऱ्यो भन्ने सन्देश जाने गर्ने गरि निर्णय छिट्टै आउँछ, चिन्ता गर्नु पर्दैन ।"

उनले अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझावलाई कार्यान्वयन गर्ने पनि बताए । मन्त्री पौडेलले भने " सरकारले आयोगको प्रतिवेदनलाई




गम्भीरता पूर्वक अध्ययन गर्ने छ र तत्काल सम्भव हुने सुझावहरुलाई कार्यान्वयनको योजना बनाएर जान्छ ।" अर्थतन्त्रलाई चलायमान र सुधार गर्ने कुराहरुलाई तत्काल कार्यान्वयनको चरणमा लैजाने उनले बताए ।

मन्त्री पौडेलले अनुशासित ढंगले स्रोत व्यवस्थापन गरेर आगामी वर्ष २०८२/८३ को बजेट ल्याउने तयारीमा सरकार रहेको समेत बताए । उनले भने, "अनुशासित ढंगले स्रोत व्यवस्थापन, परिचालन गर्ने ढङ्गले जान सकेनौं भने हामी अप्ठ्यारोमा पर्छौं । त्यसकारण मुलुकलाई आर्थिक रुपमा अप्ठ्यारोमा पर्न दिनुहुँदैन । ठिक ढङ्गले अघि बढ्नुपर्छ भन्ने कुरामा सरकार सचेत छ ।" यो पटकको बजेट प्रतिफल दिने खालको हुने र नीजी क्षेत्र र उत्पादनको क्षेत्रलाई प्राथमिकता दिने पनि मन्त्री पौडेलले बताए । कालीगण्डकी करिडोर निर्माणको अवस्था अन्तिम चरणमा रहेको भन्दै बाँकी रहेको राम्दी रानी महल क्षेत्र चाँडै निर्माण हुने पनि उनले बताए । पाल्पा र आसपासका क्षेत्रको विकासका लागि आफू गम्भीर भएर लागेको उनले उल्लेख गरे । फरक प्रसंगमा मन्त्री पौडेलले प्रतिगामी तत्वहरु जनस्तरबाटै परास्त हुँदै गएको बताए । राजा ल्याउने अभियानमा लागेका प्रतिगामी तत्वले पहिलो पटक टाउको उठाएकै बखत निस्तेज भएको उनको भनाई छ । मन्त्री पौडेलले भने "हाम्रो काम लोकतन्त्रलाई संस्थागत गर्ने हो, त्यो गर्छौं ।" मुलुकको लोकतन्त्र र संविधान मास्न खोज्ने तत्व जति नै लागे पनि जनताले लोकतन्त्रिक व्यवस्थामा देखा परेका केही अवस्थामा सुधार चाहेको मन्त्री पौडेलको भनाई छ । उनले अराजकता फैलाउने जो सुकै भए पनि सरकारले कानुनको दायरामा ल्याएरै छाड्ने भन्दै विश्वस्त रहन पत्रकारहरुलाई आग्रह गरे । मन्त्री पौडेलले सहकारी क्षेत्रको वित्तीय व्यवस्थापन, भ्रष्टाचार न्युनिकरण, सेवा प्रवाहमा तदारुकताका साथ अगाडि बढ्ने कार्यमा वर्तमान गठबन्धन सरकार प्रतिवद्ध भएर लागेको समेत बताए । नेपाल पत्रकार महासङ्घ पाल्पाका अध्यक्ष कमल तिमिल्सेनाको अध्यक्षता, उपाध्यक्ष मुक्तिप्रसाद न्यौपानेको स्वागत, सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## संक्षिप्त समाचार

### आक्रमणमा ३२ जनाको मृत्यु



**(रासस/सिन्ह्वा)**

**खार्तुम, चैत ३०**/सुडानको उत्तर दारफुर राज्यको राजधानी एल फासरमा अर्धसैनिक समूह र्‍यापिड सपोर्ट फोर्स ( आरएसएफ) ले गरेको आक्रमणमा कम्तीमा ३२ जना सर्वसाधारणको ज्यान गएको सेनाले जनाएको छ । सेनाको छैटौं डिभिजनले जनाएअनुसार शुक्रबार उक्त समूहले आत्मघाती मानव रहित यन्त्र (ड्रोन) मार्फत आक्रमण गरेको थियो ।

मृतकमध्ये चार जना महिला र १० जना बालबालिका रहेका छन् भने १७ जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि स्वास्थ्य संस्थामा भर्ना गरिएको छ । एल फासरको प्रतिरोध समितिको समन्वय समूहले पनि आक्रमणको पुष्टि गर्दै शहरको उत्तर र पूर्व भागमा मानव रहित यन्त्र र तोप प्रहार गरिएको जनाएको छ ।

साथै, नागरिकहरूलाई सडकमा ननिस्कन अनुरोध गरिएको छ । सुडानी चिकित्सक सञ्जालले एल फासर नजिकै रहेको जमजम नामक विस्थापित शिविरमा आरएसएफले दोस्रोपटक आक्रमण गरेको जनाएको छ ।

## मन्दिर परिषरमा मदिरा !



**पाल्पा, चैत ३०**/जिल्लाको तानसेनस्थित ऐतिहासिक रणउजिरेश्वरी भगवती मन्दिर परिषरमा मदिरा प्रदर्शनमा राखिएको पाइएको छ । भगवानको पुजा आरधना गर्ने पवित्र स्थान जस्तो मन्दिरमा खुलमखुला मदिरा प्रदर्शन गरिएको पाइएको हो ।

मदिरा व्यवसायी सै पाल्पाले मदिराको प्रचार प्रसार गर्ने उद्देश्य राखेर विभिन्न ब्राण्डका मदिरा मन्दिर परिषरमा राखेको छ । उसले आृनो नवौं वार्षिक साधारण सभा तथा चौथौं अधिवेशनको भगवती मन्दिर र पाल्पा उद्योग वाणिज्य सैको कार्यालय परिषरमा आयोजनासँगै मदिरा प्रदर्शनमा राखेको पाइएको हो । मन्दिरको अगाडि नै मदिरा राखेर सैले कार्यक्रम गरेपछि त्यसको चौतर्फी आलोचना भएको छ । जितगढीको युद्धमा विजयी भएको सम्झनामा स्थापना गरिएको ऐतिहासिक तथा धार्मिक स्थललाई मदिरा प्रदर्शन गर्ने थलोका रुपमा प्रयोग गर्नु आफैमा लजाष्पद कार्य भएको भन्दै सामाजिक सञ्जालमा आलोचना भएको हो ।

मदिरा व्यवसायी सै पाल्पाका अध्यक्ष लक्ष्मण रेग्मीले भने अधिवेशन कार्यक्रमलाई प्रायोजन गर्ने संस्थाहरुले आृनो व्यानर राखेर सामन्य रुपमा मदिरा राखेको बताए । उनले भने 'इस्पोन्सर गर्ने संस्थाहरुले यहाँ ल्याएर राख्नु भए छ, त्यहाँ कुनै प्रयोजनका लागि नभई प्रचारको लागि राखिएको हो ।' मन्दिर परिषरमा मदिरा राखेको विषय आलोचित बन्दै गएपछि जिल्लास्थित सुरक्षा निकायले हटाउन निर्देशन दिएपछि अहिले त्यहाँबाट हटाइएको छ ।

## गुल्मी कारागारमा सीप सिक्दै आम्दानी गर्दै कैदीबन्दी

**गुल्मी, चैत ३०** /जिल्ला कारागारमा रहेका कैदीबन्दी यतिबेला उद्योग कर्ममा रमाउन थालेका छन् । कारागारमा दुई वर्षदेखि काष्ठकला र फर्निचर उद्योग स्थापना गरेर यहाँका कैदीबन्दीले मासिक रूपमा न्यूनतम रु सातदेखि रु ४५ हजारसम्म कमाउँदै आएका छन् ।

कारागारभित्रको खाली समयलाई सदुपयोग गर्दै सीप सिकेर कैदीबन्दीले घर खर्च चलाउँदै आएका छन् । दिनहुँ बिहानदेखि बेलुका अबेरसम्म कोही फर्निचरमा कोही बाँसका मुढा बुन्ने काममा व्यस्त बनेको देखिन्छ । कारागारमा पहिलोपटक पुग्ने जोकोही पनि यहाँका कैदीबन्दीको काम देखेर आफैँमा दङ्ग पर्ने गर्छन् । गुल्मी कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको अनुभूति हुन्छ । कारागारलाई औद्योगिक ग्रामका रूपमा विकास गर्न थालिएको भए पनि कारगारको जग्गा र संरचना अभावमा समस्या भएको कारागारका प्रमुख




रेश्मीराज पन्थीले बताए । आफूले बाहिर पनि काष्ठकलाकै काम गरेर ३० वर्ष बिताएको हुँदा कारागारमा पनि राम्रै कमाइ हुने गरेको एक कैदीले बताए । उनले मासिक रु ४५ हजारसम्म कमाउँदै आएको जनाउँदै समय कटाउन र घरखर्च व्यवस्थापन गर्न धेरै सजिलो भएको बताए । कारागारमा सबैभन्दा धेरै काष्ठकला र फर्निचरको काम गर्ने कैदीबन्दीको कमाइ धेरै हुने गर्दछ । काष्ठकलाका अतिरिक्त घरेलु हस्तकलाको काम गर्नेहरूको कमाइ पनि राम्रो छ । कारागारमा ३० जनाभन्दा बढिले काठको काम गर्ने र ४१ जना कैदीबन्दीले मुढाको काम गर्दै आएका छन् । कारागारमा बाँसको सिन्का चिर्ने र बुट्टा बनाउनेको न्यूनतम रकम मासिक रु सात हजार हुने गरेको चौकीदार हरिबहादुर थापाले बताए ।

उनका अनुसार कारागारमा सबैभन्दा बढी मूल्य पर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोस निर्माण गरिन्छ । त्यसको मूल्य रु आठ लाख पर्दछ । एउटा चौकोस निर्माण गर्न तीन जनाले एक महिनामा काम गर्नुपर्छ । त्यस्तै भक्तपुरे आँखीझ्याल, फोटो फ्रेम, सोफा, दराज, टेबललगायत आवश्यकताअनुसार सबै फर्निचरका सामग्री निर्माण गरिन्छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## हावाहुरीको जोखिमबाट बचौं

वर्षा याम प्रारम्भ हुनअघि हावाहुरी, मेघगर्जन, चट्याङ पर्नु अस्वाभाविक होइनन् । विगत केही दिनयतादेखि मुलुकका विभिन्न भागमा हावाहुरी तथा मनसुनपूर्वको वर्षाको प्रभाव तुलनात्मक रुपमा बढी देखिन थालेको छ । बेलुकापख दिनहुँजसो निरन्तर आउने हावाहुरीका कारण भौतिक क्षतिका अतिरिक्त मानवीय क्षतिका भएका समाचार आइरहेका छन् ।

विहिबादेखि लागेको भिषण हावाहुरीले पाल्पा, गुल्मी, अर्घाखाँची लगायत देशका अधिकांस जिल्लाहरुमा ठूलो क्षति पुऱ्याएको छ । केही ठाउँहरुमा भौतिक क्षति भएको छ भने केही ठाउँमा मानवीय क्षति भएको पाइन्छ । पानीसहित आएको हावाहुरीले मेला महोत्सव, घर, होटल, विद्यालय, मन्दिरलगायत संरचनाका छाना उड्नुका साथै पशुचौपायका खोर, गोठ समेत क्षतिग्रस्त भएका छन् । अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । यसले नेपालको कमजोर विपद् व्यवस्थापनको पक्षलाई फेरि उदांगो बनाइदिएको छ । यो घटना नेपालका लागि धेरै अपेक्षित थिएन नै, यसको सम्भावना ज्वालामुखीको जस्तो शून्य पनि थिएन । सम्बन्धित सरकारी निकाय र प्रविधि निम्त्याउन सक्ने अन्तर्राष्ट्रिय संघ-संस्थाले यस्तो परिस्थितिको कत्ति पनि आकलन गर्न नसक्नु अनि हावाहुरीको प्रकोप अनुमान गर्ने प्रविधि नेपालमा छँदै छैन भन्ने सरकारी निकायको कथनबाट हामी विपद् जोखिम न्यूनीकरणको मामिलामा कति निरीह छौं भन्ने प्रस्ट्याइसकेको छ । सम्भावित सबै खाले प्रकोपको मूल्यांकन नै गर्न नसकिने जस्तो देखिएको अहिलेको नेपालको अवस्थामा जोखिम न्यूनीकरण गर्न सकिने आधारै अति कमजोर भएको प्रस्ट छ ।

उन्नत विज्ञान प्रविधिको यो युगमा हावाहुरीका कारण भौतिक र मानवीय क्षति हुनु भनेको आफैँमा विडम्बनापूर्ण घटना हुन् । यस्ता घटना भविष्यमा दोहरिन नदिन सरकार तथा सर्वसाधारणले समेत सजगता तथा सावधानी अपनाउनु जरुरी छ । मौसम भविष्यवाणीका क्षेत्रमा विज्ञानले गरेको विकासको सदुपयोग गर्दै हावाहुरीजस्ता प्राकृतिक प्रकोपसम्बन्धी पूर्वजानकारी विभिन्न माध्यमबाट सार्वजनिक गर्न सम्बद्ध पक्षले अग्रसरता लिनु वाञ्छनीय हुन्छ । यसर्थ हावाहुरीबाट बच्न तथा यस्तो समयमा बाहिर ननिस्किने र घरभित्रै बस्ने गरौं । सरकारले पनि विपद् जोखिम न्यूनीकरणमा विशेष ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

सपना देख्ने होइन,
पूरा गर्ने हिम्मत राख्नुहोस्।
*(कमला रानाको फेसबुक स्टाटस https://www.facebook.com/rana.kamala598)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# डिग्रीका लागि होइन, जीवनका लागि शिक्षा



## आशिष ठाकुर

नेपाल जस्तो मुलुक जहाँ युवा जनसंख्या उल्लेखनीय छ, त्यहाँ शिक्षाको पुन: परिभाषा, सीप विकासमा लगानी र अवसरको सिर्जनात्मक निर्माण अनिवार्य बनिसकेको छ। हालको शिक्षा प्रणाली, सामाजिक संरचना र श्रम बजारबीच असमानता र असम्बन्धताको खाडल झनै गहिरिँदै गएको छ। यस सन्दर्भमा, यो लेखले नेपालको भविष्यका लागि आवश्यक पर्ने शिक्षा र सीपको ढाँचालाई व्याख्या गर्छ, जहाँ केवल डिग्री होइन, परिणाममुखी, व्यावहारिक र नवप्रवर्तनशील शिक्षाले युवालाई सशक्त बनाउनेछ ।

नेपाल एक निर्णायक मोडमा उभिएको छ। देशको आधाभन्दा बढी जनसंख्या २५ वर्ष मुनिका युवाहरू हुन्, जसको ऊर्जा, जोश र सिर्जनशीलता राष्ट्रको समृद्धिमा प्रयोग हुनसक्ने ठूलो सम्भावना बोकेको छ । यद्यपि, हाम्रो शिक्षाको वर्तमान स्वरूपले युवाहरूको त्यो सम्भावनालाई उजागर गर्न सकिरहेको छैन । शिक्षा अब केवल डिग्री प्रदान गर्ने यन्त्र होइन, जीवन निर्माण गर्ने माध्यम हुनुपर्छ, जहाँ परिणाम स्वरूप रोजगारी, उद्यमशीलता र सामाजिक योगदान देखा पर्न सकोस्। नेपालमा शिक्षा, सीप विकास, रोजगारी र उद्यमशीलता चारवटै अलग पाटो झैं हेरिन्छन् । तर आजको युगमा यी सबै एकीकृत रूपमा बुझिनु आवश्यक छ। यदि शिक्षा प्रणालीले भविष्यको श्रम बजार र उद्यम प्रवृत्तिलाई आत्मसात् गर्न सकेन भने, युवाशक्तिको ठूलो हिस्सा निष्क्रिय भएर बस्न बाध्य हुन्छ वा विकल्पमा वैदेशिक रोजगारी रोज्छ ।

**शिक्षा र रोजगारीबीचको गहिरो खाडल**

नेपालको शिक्षाले अझै पनि डिग्री केन्द्रित सोचबाट माथि उठ्न सकेको छैन। विद्यालय र विश्वविद्यालयहरूले विद्यार्थीलाई परीक्षामा पास गराउनेभन्दा बाहिर सोच्न सकेका छैनन्। विद्यार्थीलाई रोजगार वा व्यवसायका लागि आवश्यक पर्ने व्यावहारिक सीप, निर्णय क्षमता, नेतृत्व र आत्मनिर्भरता जस्ता गुणहरूको विकासमा खासै ध्यान दिइएको छैन। यही कारणले गर्दा हरेक वर्ष हजारौं स्नातक डिग्रीधारी बेरोजगार बन्छन्। नेपाली श्रम बजारमा आवश्यक पर्ने सीपहरू- डिजिटल साक्षरता, सञ्चार क्षमता, नेतृत्व, लचिलोपन जस्ता पक्षहरू औपचारिक शिक्षामा समावेश छैनन्। पढाइ सकिएपछि के गर्ने भन्ने कुरामा युवाहरू अन्योलमा पर्छन्। नतिजा स्वरूप, हजारौं युवा विदेश जान्छन् अध्ययनका लागि होइन, कामका लागि । नेपालको श्रम बजारको आवश्यकता र शिक्षाको ढाँचा पूर्णत: असन्तुलित छ। यदि सीप केन्द्रित शिक्षालाई मूलधारमा ल्याइन भने यो खाडल झनै गहिरिँदै जान्छ ।

**अनुभवात्मक शिक्षा: व्यवहारमा आधारित ज्ञान**

अनुभवात्मक शिक्षा भन्नाले सिकाइलाई वास्तविक जीवनको सन्दर्भमा जोडेर शिक्षार्थीलाई समस्या समाधान, समूहमा काम गर्ने र निर्णय लिने क्षमतामा सक्षम बनाउनु हो। यसले विद्यार्थीको ज्ञान, व्यवहार र दृष्टिकोणको समुन्नति गर्छ। यस प्रकारको सिकाइ पाँच वटा आधारभूत स्तम्भहरूमा आधारित हुन्छ, जसले सिकाइको प्रक्रिया पूर्ण, चक्रबद्ध र प्रभावकारी बनाउँछ:

- अन्वेषण: यस चरणमा विद्यार्थीलाई विषयवस्तु, चुनौती वा समस्याका बारेमा स्वतन्त्र खोज, अनुसन्धान र नयाँ कुराको खोजी गर्न प्रोत्साहन गरिन्छ। यसले जिज्ञासा र सोच्ने क्षमताको विकास गर्छ। अन्वेषणले शिक्षालाई केवल पाठ्यपुस्तकमा सीमित नराखी संसारको बोध गराउने साधन बनाउँछ ।
- सहभागिता: विद्यार्थीहरूले समूहगत काम, संवाद, कार्यशाला वा परियोजनामा प्रत्यक्ष संलग्नता जनाउँछन्। यसले आत्मविश्वास र अभिव्यक्तिको क्षमतालाई मजबुत पार्छ।
- पुनरावलोकन: सिकाइको अन्त्यमा विद्यार्थीहरूले आफूले के सिके, किन सिके र कसरी सुधार गर्न सकिन्छ भन्नेबारे आत्ममूल्यांकन गर्छन्। यो चरणले आत्मबोध, आलोचनात्मक सोच र निरन्तर सुधारको संस्कृति विकास गर्छ। सिकाइको सार्थकता यसै चरणमा पुष्टि हुन्छ।
- अनुप्रयोग: सिकिएको ज्ञान वा सीपलाई अन्तत: जीवनको यथार्थ सन्दर्भमा प्रयोग गरिन्छ। चाहे त्यो कुनै समस्या समाधान होस्, सृजनात्मक परियोजना होस् वा व्यवसायिक प्रयोग/अनुप्रयोगले शिक्षालाई जीवनसँग जोड्ने पुलको काम गर्छ। यसले सिकाइलाई स्थायित्व र उपयोगिताको स्तरमा पुऱ्याउँछ ।

यसले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारमा रूपान्तरण गर्न मद्दत गर्छ। नेपालमा परियोजनामुखी अध्ययन, सामुदायिक कार्य, इन्क्युबेसन एक्सरसाइज, इन्टर्नसिप, उद्योगसँगको प्रत्यक्ष संवाद, यी सबैलाई मुख्यधारको शिक्षामा समावेश गर्न सकिन्छ। विद्यार्थीको सिर्जनशीलता, उद्यमी सोच र व्यावहारिक क्षमता तब मात्र प्रस्फुटित हुन्छ जब उसलाई अवसर र वातावरण दिइन्छ। यसको लागि शिक्षण विधि, पाठ्यक्रम र मूल्यांकन पद्धति तीन वटै रूपान्तरण गर्नुपर्छ। शिक्षक पनि अब केवल ज्ञान दिने व्यक्ति होइन, मार्गदर्शक र सहयात्रीको भूमिकामा आउनुपर्छ।

**करिअर मार्गदर्शन: निर्णय क्षमताको आधार**

नेपालका विद्यालय र कलेजमा करिअर परामर्श अझै लक्जरीसरह मानिन्छ। जबकि, करिअर परामर्श शिक्षाको अभिन्न हिस्सा हुनुपर्छ। विद्यार्थीलाई आफ्नो रुचि, क्षमता, मूल्य र श्रम बजारको मागबारे बुझाउने संयन्त्र हर तहमा आवश्यक छ। करिअर मार्गदर्शनले विद्यार्थीलाई पढाइका सम्भावित मार्ग, विभिन्न पेशागत विकल्प, आवश्यक सीप र भावी श्रम बजारको प्रवृत्ति बुझ्न सहयोग गर्छ। यसले उनीहरूलाई आत्मनिर्भर निर्णय गर्न सघाउँछ, र शिक्षालाई नतिजामुखी बनाउँछ । डिजिटल करिअर टुल्स, काउन्सेलिङ केन्द्र, प्रशिक्षित करिअर गाइडको परिचालन जस्ता अभ्यासले करिअर परामर्शलाई जनउत्तरदायी र समावेशी बनाउन सक्छ। यो केवल उच्च तहको छात्रका लागि होइन, कक्षा ८ का विद्यार्थीका लागि पनि उत्तिकै महत्वपूर्ण हो ।

**ट्रान्सनेसनल एजुकेसन र नेपाललाई अन्तर्राष्ट्रिय शैक्षिक गन्तव्य बनाउने सम्भावना**

नेपालले अब केवल 'विदेश जाने' शिक्षा प्रवृत्तिबाट 'देशमै अध्ययन गर्ने' मोडेलमा रूपान्तरणको यात्रा शुरु गर्नुपर्छ। विश्वका धेरै देशले आफ्नो शिक्षालाई निर्यातयोग्य सेवा बनाएका छन्। मलेसिया, दुबई, काजकिस्तान जस्ता मुलुकले विदेशी विश्वविद्यालयहरूसँग सहकार्य गरेर हजारौं अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षित गरेका छन्। नेपालमा पनि सोही खालको शैक्षिक पूर्वाधार निर्माण गर्न सकिने ठूलो सम्भावना छ। आजको विश्व शिक्षा प्रवाहले भौगोलिक सिमाना पार गरेको छ। ट्रान्सनेसनल एजुकेसन (टीएनई) अन्तर्गत विदेशी विश्वविद्यालयहरूले अन्य देशहरूमा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्छन्। नेपालले पनि यस खालको शिक्षालाई नीति मार्फत सहजता प्रदान गर्नुपर्छ । टीएनईको अभिवृद्धिले विद्यार्थीलाई नेपालमै बसेर अन्तर्राष्ट्रिय स्तरको डिग्री हासिल गर्ने वातावरण दिन्छ । यसले शिक्षा पलायन रोक्न सहयोग गर्छ, साथसाथै शिक्षा पर्यटन मार्फत विदेशी मुद्राको आम्दानीको मार्ग खोल्छ । नेपालका शिक्षण संस्थाहरूले विदेशी विश्वविद्यालयहरूसँग सहकार्य गरेर फ्रेन्चाइज कार्यक्रम, दोहोरो प्रमाणीकरण, अनलाइन/हाइब्रिड कार्यक्रम वा संयुक्त अनुसन्धान कार्यक्रम सञ्चालन गर्न सक्ने सम्भावना प्रचुर छ। यसको लागि, सरकारले नियमनकारी निकायहरूलाई स्पष्ट निर्देशिका र मापदण्ड तयार गर्नुपर्ने हुन्छ। साथै, विदेशी विद्यार्थीको भर्ना, भिसा प्रक्रिया र आवासीय व्यवस्थापनलाई प्रभावकारी बनाउन एजुकेसन भिसा एक्ट जस्ता विशेष नीति निर्माण आवश्यक छ। यस्तै पहल मार्फत नेपाललाई अन्तर्राष्ट्रिय शैक्षिक गन्तव्यको रूपमा अगाडि ल्याउन सकिन्छ । भौगोलिक दृष्टिले भारत, बंगलादेश, भुटान र दक्षिण एसियाली राष्ट्रका विद्यार्थीका लागि नेपाल पहुँचयोग्य छ। यहाँको सांस्कृतिक विविधता, शान्त वातावरण, तुलनात्मक रूपमा किफायती शुल्क र जीवनशैलीले अन्तर्राष्ट्रिय विद्यार्थीलाई आकर्षित गर्न सक्ने सामर्थ्य बोकेको छ । स्टडी इन नेपाल अभियान मार्फत विदेशी विद्यार्थीलाई नेपालमा अध्ययन गर्न आकर्षित गर्ने नीति, सेवा प्रणाली र अन्तर्राष्ट्रियस्तरको मार्केटिङ अभियान आवश्यक छ। दक्षिण एसिया र अफ्रिकाका विद्यार्थीका लागि नेपाल किफायती, सुरक्षित, सांस्कृतिक रूपमा सहिष्णु र शैक्षिक हिसाबले उत्कृष्ट गन्तव्य बन्न सक्छ। कलेज, विश्वविद्यालयहरू र सरकारबीच समन्वय गरेर अन्तर्राष्ट्रिय विद्यार्थीको आवेदन, भिसा प्रक्रिया, आवास र शैक्षिक समायोजन सहज बनाउन सकिन्छ। यस्तो अभियानले नेपालको शिक्षालाई निर्यातयोग्य क्षेत्र बनाउने, विदेशी मुद्राको आय ल्याउने र शैक्षिक पूर्वाधारमा दीर्घकालीन लगानी भित्र्याउने वातावरण सिर्जना गर्छ ।

**ऐतिहासिक पृष्ठभूमि: नेपालको गौरवपूर्ण शिक्षा परम्परा**

नेपालमा शिक्षा प्रणालीको ऐतिहासिक पृष्ठभूमि गौरवशाली छ। लिच्छविकालदेखि संस्कृत, ज्योतिष, बौद्ध दर्शन, चिकित्सा आदि विषयमा गहिरो अध्ययन हुँदै आएको थियो। बौद्ध विहारहरूमा दक्षिणएशियाकै उत्कृष्ट शिक्षक र विद्यार्थीहरू पढ्थे । मध्यकालमा नेपालका मठ-मन्दिरहरूले धार्मिक तथा सामाजिक शिक्षामा ठूलो योगदान दिए। राणा शासनपछि आधुनिक शिक्षाको आधार निर्माण भयो, दरबार हाईस्कूल, त्रिचन्द्र कलेज र पछि त्रिभुवन विश्वविद्यालयको स्थापनाले आधुनिक शिक्षामा प्रवेश गरायो । यी शिक्षालयहरूले केवल शिक्षा दिएको होइन, राष्ट्र निर्माणका अभियन्ता तयार पारेका थिए। अब समय आएको छ, ज्ञान परम्पराको यो विरासतलाई आधुनिक प्रविधि, अन्तर्राष्ट्रिय सहकार्य र नवप्रवर्तनसँग जोडेर नयाँ पुस्ताका लागि सुदृढ शिक्षा प्रणाली तयार पार्न।

**नीति, संरचना, सार्वजनिक निजी सहकार्य (पीपीपी) र भविष्यको बाटो**

सीपयुक्त नेपाल निर्माण गर्न नीतिगत समन्वय अत्यावश्यक छ। शिक्षा मन्त्रालय, श्रम मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, उद्योग मन्त्रालय यी सबैबीच नीति, कार्यक्रम र बजेटमा एकरूपता र तालमेल आवश्यक छ। स्थानीय तहका सरकारहरूलाई शिक्षा र सीप विकासको रणनीतिमा निर्णायक अधिकार दिनुपर्छ। रोजगार केन्द्र, करिअर गाइडिङ सिस्टम, व्यावसायिक तालिम, यी सबैको सञ्चालन स्थानीय तहले गर्न सक्नेछ, यदि नीति र स्रोत सशक्त बनाइयो भने। निजी क्षेत्रसँग सहकार्य गरेर तालिम, इन्टर्नसिप, अप्रेन्टिसिप कार्यक्रम सञ्चालन गर्दा शैक्षिक कार्यक्रमहरू व्यावहारिक र रोजगारप्रद बन्नेछन्। त्यस्तै, युवा उद्यमशीलता प्रोत्साहन गर्न अनुदान, बीमा, परामर्श सेवा र बजार पहुँच जस्ता संयन्त्रहरू खडा गर्न सकिन्छ।

**निष्कर्ष: परिणाममुखी, समावेशी र सीपमूलक शिक्षाको खाँचो**

अबको शिक्षा यस्तो हुनुपर्छ जसले केवल 'के सिकियो' भन्ने होइन, 'सिकिएको के काम लाग्यो' भन्ने प्रश्नको उत्तर दिन सकोस्। शिक्षाले सोच बदल्नुपर्छ- डिग्रीका लागि होइन, जीवनका लागि सिकाइ। शिक्षा, सीप र रोजगारी बीचको सम्बन्धलाई संस्थागत रूपमा पुनर्संरचना नगरेसम्म, 'सीपयुक्त नेपाल' केवल नारा बनिरहनेछ। यसका लागि राष्ट्रियस्तरमा दीर्घकालीन शिक्षा रणनीति, श्रम प्रवृत्ति अध्ययन, क्षेत्रीय सीप माग मूल्याङ्कन र नवप्रवर्तनमैत्री वातावरण अनिवार्य छन् । साथै, शिक्षा प्रणालीलाई 'डिजिटल नेपाल' को नीतिसँग जोडेर इ-लर्निङ, ओपन अनलाइन कोर्स र टेक्नोलोजीमा आधारित तालिमहरू मार्फत ग्रामीण क्षेत्रमा समेत गुणस्तरीय शिक्षा पुऱ्याउन सकिन्छ ।

***(लेखक युवा नेतृत्व, शिक्षामा नवप्रवर्तन र सीप विकासका क्षेत्रमा सक्रिय छन् ।)***

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिन नयाँ कामको योजना बनाउन उपयुक्त छ। आत्मविश्वास बढ्नेछ । | **तुला** : कर्म क्षेत्रमा प्रगति हुनेछ । घर परिवारमा खुशी छाउनेछ । |
| **वृष** : धन लाभको सम्भावना छ । मनमा उत्साह जाग्नेछ। प्रेममा सुधार आउनेछ। | **वृश्चिक** : नजिकको व्यक्तिबाट सहायता मिल्नेछ । यात्राबाट लाभ हुने संकेत छ । |
| **मिथुन** : सामाजिक मान-सम्मान प्राप्त हुनेछ । यात्रा सुखद रहनेछ । | **धनु** : साँझपख शुभ समाचार सुन्न पाइनेछ। यात्राको सम्भावना छ । |
| **कर्कट** : कामको चाप बढ्न सक्छ । साथीहरूको साथ पाइनेछ । | **मकर** : धन खर्च बढ्न सक्छ । आत्मबल उच्च रहनेछ । |
| **सिंह** : आर्थिक लाभ मिल्ने संकेत छ। पुराना साथी भेटिने सम्भावना छ । | **कुम्भ** : सृजनात्मक कार्यमा सफलता मिल्नेछ। घरमा रमाइलो माहोल रहनेछ। |
| **कन्या** : नयाँ ज्ञान आर्जन गर्ने दिन हो। पढाइमा सफलता मिल्नेछ । | **मीन** : शुभ कार्यको सुरुवात गर्न सकिनेछ। मनोकामना पुरा हुने सम्भावना छ । |

# कृषि

## हिउँदे बाली भित्र्याउँदा यी विषयमा ध्यान दिन आग्रह

गहुँ, मुसुरो लगायत हिउँदे बाली भित्र्याउँदा मौसमको अवस्थालाई ध्यान दिन आग्रह गरिएको छ । नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले आगामी साता स्थानीय वायु तथा पश्चिमी वायुको प्रभाव रहने देखिएकाले खासगरी गहुँ, मुसुरो लगायतका बाली भित्र्याउँदा मौसमको अवस्थालाई विशेष ध्यान आग्रह गरेको हो ।



पछिल्लो हप्ता परेको पानीबाट प्रभावित गहुँ, मुसुरो खेतबाट पानी निकासको व्यवस्था गर्ने, काट्न बाँकी रहेको भए एक-दुई दिन सुक्न दिने, काटिसकेको भए अग्लो / उकास ठाउँ अथवा सेडभित्र सुकाउने, काट्नै पर्ने भए मौसमको अवस्था हेरी खेतमा नछोड्ने गरी भित्र्याउने कार्य गर्न केन्द्रले सुझाएको छ । गहुँ भित्र्याउँदा सुरक्षित भण्डारणका लागि गहुँलाई घाम अथवा सेडभित्र राम्ररी सुकाउने, करिब १२ प्रतिशतको चिस्यान गहुँ भण्डारणका लागि राम्रो मानिन्छ । गोदामहरूलाई अघिल्लो बालीको अन्न तथा अन्य भण्डारण सामग्री हटाएर राम्ररी सफा गर्ने । साथै, भण्डारणका लागि बोरा प्रयोग गर्ने किसानले ५ प्रतिशत निमको घोलले बोरा उपचार गरी बोरालाई घाममा सुकाएर मात्र प्रयोग गर्न सुझाएको छ । यसले रोग र कीराहरूका विभिन्न अवस्थाहरु नष्ट हुन्छन् ।

**थप सुझावहरु**

- प्रि मनसुनको समयमा मध्यान्हपछि चट्याङको सम्भावना बढी हुने भएकाले सम्भावित जोखिमबाट जोगिन कृषि कर्म/पशुपालन गर्दा विशेष सावधानी अपनाउनुहोस्, समयमा नै पशुवस्तुहरुको बिमा गर्नुहोस् । जोखिमको समयमा पशु वस्तुहरुलाई गोठ बाहिर नराख्नुहोस् ।
- चैते धानमा झारपात व्यवस्थापनका लागि झारनाशक विषादी बिस्पाएरिबेक २५ लिटर पानीमा १२.५ मिलिलिटरको दरले मिसाएर प्रति रोपनीमा अथवा १७ लिटर पानीमा ८.३ मिलिलिटरको दरले मिसाएर प्रति कठ्ठामा धान रोपेको १५ देखि २५ दिनभित्र खेतमा छिपछिपे पानी भएको अवस्थामा फ्लेट फेन नोजलले स्प्रे गर्नुहोस् । पछि झार आएमा ४०-५० दिनभित्र एक पटक हातले गोड्नुहोस् ।
- गत साता देशका अधिकांश स्थानहरूमा वर्षा भएको हुनाले बझाङ, दैलेख, डोटी लगायतका उच्च तथा मध्य पहाडी जिल्लाहरूमा नपाकेको/ हरियो गहुँमा सिन्दुरे रोग लाग्ने सम्भावना भएकोले अनुगमन गरी उचित व्यवस्थापन गर्नुहोस् ।
- फलफूल बालीको फल फुट्ने समस्या कम गर्न केराउगेडे अवस्थाको फल भएपछि प्लानोफिक्स वा प्लान्टोप्लेक्स ०.२५ ०.५ एम. एल. प्रति लिटर पानीमा घोली पात र फल भिज्नेगरी छर्कनुहोस् ।
- सुन्तलाजात फलफूल बगैँचामा सूक्ष्म खाद्यतत्वको व्यवस्थापनका लागि पालुवा आइरहेको बेला र दाना लागिसकेपछि २ पटक मल्टिप्लेक्स २.५ ग्राम प्रति लिटर पानीको दरले पात भिज्नेगरि छर्नुहोस् ।
- हावाहुरीबाट हुने क्षति नियन्त्रण गर्न पसाएका केराको बोटहरूलाई टेको दिनुहोस् ।
- आलुबालीमा लाग्ने अगौटे डढुवा रोगको नियमित अनुगमन गर्नुहोस् । रोगको प्रकोप देखिएमा सेक्टिन १.५ ग्राम प्रति लिटर पानीमा मिसाई ८-१० दिनको फरकमा २-३ पटक सम्पूर्ण बोट भिज्नेगरि साँझपख छर्नुहोस् ।
- लहरे बालीमा लाग्ने शीते ढुसी रोगको व्यवस्थापनको लागि रोगग्रस्त, तल्लो र पुरानो पातहरू हटाई मेन्कोजेव वा मेटाल्याक्जिल युक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले पातहरू भिज्नेगरी हप्ता दिनको फरकमा २-४ पटकसम्म छर्कनुहोस् ।
- कुखुरा र टर्कीहरूमा बाह्य परजीवीको समस्या देखिएमा यसको उपचार तथा नियन्त्रणका लागि बुटोक्स ३ एम. एल. प्रति लिटर पानीका दरले मिसाई खोरको भित्र-बाहिर सबै स्थानमा राम्रोसँग भिज्नेगरी स्प्रे गर्नुहोस् ।
- तराईका जिल्लाहरूमा ग्रास कार्प माछाको प्रजनन समय भएको हुँदा हरेक हप्ता माउ पोखरीबाट परिपक्व भाले र पोथी माछा छनौट गरी करिब २४ घण्टा होल्डिङ ट्याङ्कीमा अनुकूलन गरेपछि प्रजननका लागि प्रयोग गर्नुहोस् ।

*-रातोपाटी डटकम*

## धान लगाउने खेतमा माछापालन



वन्यजन्तुले बालीनालीमा क्षति पुऱ्याएपछि मध्यवर्ती वन सीमासँग जोडिएका किसान माछापालनतर्फ लागेका छन् । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको मध्यवर्ती क्षेत्रबाट आउने वन्यजन्तुले बाली नोक्सान गर्न थालेपछि अधिकांश किसान माछापालनतर्फ लागेका हुन् ।

कावासोती नगरपालिका-७, साँढका सडककुमार चौधरीले आफूले पहिले धान खेती गर्दै आएको जमिनमा पोखरी खनेर माछापालन गर्दै आएको बताए ।

धान लगायतका अन्य बाली राम्रो हुने भए पनि भित्र्याउने समयसम्म मध्यवर्ती वनबाट आउने वन्यजन्तुले सबै क्षति पुऱ्याउन थालेपछि टोलका सबैले सल्लाह गरी पोखरी खनेर माछापालन सुरु गरेको उनले बताए । पोखरी खन्न मध्यवर्ती सामुदायिक वनले समेत सहयोग गरेको हो । माछापालनबाट राम्रै आम्दानी गर्न सकिने गरेको चौधरीले बताए । रामनगर, साँढ र गैरी टोलका प्रायः सबैले माछापालन गरेका छन् । वन सीमासँग जोडिएका यी टोलमा मात्र करिब १०० पोखरी रहेको कावासोती नगरपालिका-७ का वडाध्यक्ष गोविन्दप्रसाद महतोले बताए ।

वन्यजन्तुले लगाएको बाली खाएर सताएपछि पोखरी खनेर माछा पालन गर्न थालेका स्थानीयको आम्दानीको माध्यम पनि माछापालन भएको छ । 'वन्यजन्तुले बाली नाली खान्थ्यो, अब माछा खानेकुरा भएन, राम्रो नै रहेको छ, केहीले आम्दानीसमेत धेरै राम्रो गरेका छन्' वडा अध्यक्ष महतोले भने । वडाले गत वर्ष ५० प्रतिशत अनुदानमा माछाको दानासमेत उपलब्ध गराएको उनले बताए ।

कावासोती नगरपालिका पशुपन्छी विकास शाखाका प्रमुख डा टेकराज पौडेलका अनुसार पालिकाको मध्यवर्ती सामुदायिक वनसँग जोडिएका वडामा माछा पालन गर्ने किसान बढ्दो रहेको छ । वन्यजन्तुले बालीमा क्षति पुऱ्याउँदा त्यसको विकल्प र उक्त क्षेत्रमा पानीको राम्रो स्रोत भएकासमेतले माछा पालन गर्ने किसान बढ्दो रहेको उनले बताए ।

पालिकाको वडाहरू ७,१०, ११, १३, १४, १५, र १७ लाई माछा पकेट क्षेत्रका रूपमा रहेको शाखा प्रमुख डा. पौडेलले बताए । कावासोतीमा माछाको उत्पादन बढ्दै गएको उनले बताए । 'कावासोती नगरपालिकामा पछिल्लो समय माछा पालन गर्ने किसान बढ्दै गएका छन्, उनीहरूले आम्दानी पनि राम्रो लिने गरेका छन्, पालिकाले पकेट क्षेत्र घोषणा गरी त्यसमा केही सहयोग समेत पुऱ्याउँदै आएको छ' शाखा प्रमुख डा. पौडेलले भने ।

कावासोती नगरपालिकाले माछा पालन गर्ने किसानलाई मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम राखेर मोटर, एरिएटर, जाललगायतका सामग्री ७५ प्रतिशत अनुदानमा उपलब्ध गराएको, समय समयमा माछाको भुरा अनुदानमा उपलब्ध गराउनेलगायतका सहयोग गर्दै आएको शाखा प्रमुख डा.पौडेलले बताए । अहिले पनि साना माछा पोखरीको डिल भत्किने समस्या हुने हुँदा त्यसको सुरक्षाका लागि ट्रिपोलिन प्लास्टिक वितरण गर्न लागिएको शाखा प्रमुख डा. पौडेलले जानकारी दिए ।

*-रासस*

## दाङका किसान खेतीमा यन्त्रको प्रयोग बढाउँदै

यहाँका किसानलाई नगदेबाली भित्र्याउन भ्याइनभ्याइ छ । किसान गहुँ, जौ, तोरी र मुसुरो थन्क्याउन व्यस्त छन् । अधिकांश किसानले यन्त्र प्रयोग गरेर बाली भित्र्याउने गरेका छन् ।



घोराही उपमहानगरपालिका-६ गुरवागाउँका श्याम चौधरीले दुई बिघा खेतमा तोरी, मुसुरो, गहुँ र जौखेती गरेका छन् । उनले खेत जोत्ने र बाली भित्र्याउन यन्त्र प्रयोग गर्दै आएका छन् । "खेतबारीमा काम गर्ने खेताला पाइँदैन, यन्त्रको सहायताले खेती गर्न सजिलो भएको छ । तोरीखेती गर्न हाते ट्र्याक्टरले खेत जोतेको हुँ । थ्रेसरले दाइँ गरेर तोरी, गहुँ र मुसुरो भित्र्याएको उनले बताए । यन्त्रको प्रयोगले खेती गर्न सजिलो भएको छ", उनले भने । घोराही-१७ कर्जाहीका आशाराम चौधरीले पनि थ्रेसरको प्रयोग गरेर जौ, गहुँ र तोरी दाउनुभयो । "खेताला लगाउँदा चार-पाँच दिन लाग्थ्यो अब थ्रेसरको सहायताले सजिलो भएको छ ।

थ्रेसरका माध्यमबाट कम समयमा धेरै काम हुने भएकाले किसानलाई राहत मिलेको छ", उनले भने । घोराही उपमहानगरपालिकाले हाते ट्र्याक्टर, थ्रेसर, मल छर्ने मेसिन, सिँचाइका उपकरण अनुदानमा वितरण गर्दै आएको नगरप्रमुख नरुलाल चौधरीले बताए । उनले भने, "मागका आधारमा थ्रेसरलगायत उपकरण पालिकाले आधा सुविधामा वितरण गर्दै आएको छ ।"

*-रासस*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


## सिँचाइ भएका क्षेत्रमा चैते धान रोपाइँ सुरु

सर्लाहीमा सिँचाइ सुविधा भएका क्षेत्रका किसानले चैते धान रोपाइँ सुरु गरेका छन् । कुलो तथा नहरको पानी उपलब्ध हुने तथा पम्पसेटबाट सिँचाइ गर्न सकिने ठाउँमा किसानहरू उत्साहसाथ रोपाइँमा जुटेका छन् । कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले फिल्ड भिजिटका क्रममा कविलासी, ईश्वरपुर, लालबन्दीलगायतका क्षेत्रमा किसानले धमाधम चैते धान रोपिरहेको बताउनुभयो । उहाँका अनुसार पछिल्ला वर्षहरूमा सर्लाहीमा चैते धानखेतीको क्षेत्रफल विस्तार भइरहेको छ । कृषि ज्ञान केन्द्रको तथ्यांकअनुसार गत वर्ष जिल्लामा ५० हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएको थियो । केही वर्षसम्म यो खेती रोकिएको भए पनि पम्पसेट र बोरिङ प्रविधि प्रयोग गर्दै किसानले पुनः खेती गर्न थालेका हुन् ।




यसैबीच गहुँ काट्ने सिजन सुरु भएसँगै किसानले गहुँ भित्र्याउनेकामलाई पनि तीव्र बनाएका छन् । गहुँबाली उठाइसकेपछि थप किसान चैते धानखेतीमा लाग्ने कृषि शाखाले जनाएको छ । सर्लाहीमा पूर्व-पश्चिम राजमार्गदेखि दक्षिणतर्फ नहरबाट सिँचाइ सुविधा पाएका तथा बोरिङ र पम्पसेट प्रयोग गरिरहेका किसानले खेती विस्तार गरिरहेका छन् । गत वर्षको तुलनामा यस वर्ष केही सुक्खा अवस्थामा खेती गर्नुपर्ने पनि किसानले उत्साहपूर्वक रोपाइँ गरिरहेका छन् ।

लालबन्दी नगरपालिकाको कृषि शाखाका प्रमुख गोकर्ण पौडेलका अनुसार नगरपालिकाको जब्दी, सिस्वा, हरिभवन, जुटपानी, रानीगञ्ज र जियाजोर क्षेत्रमा चैते धानखेती भइरहेको छ । उहाँले नगरका विभिन्न वडामा रोपाइँ सुरु भइसकेको जानकारी दिनुभयो ।

सिँचाइ सुविधा सहज भएमा यस वर्ष पनि चैते धान उत्पादनमा वृद्धि हुने आशा गरिएको छ । स्थानीय किसानले अनुकूल मौसम र पर्याप्त पानी उपलब्ध भएमा अझ राम्रो उत्पादन हुने विश्वास व्यक्त गरेका छन् ।

*-हिमालय टाइम्स डटकम*



पाल्पाको सदरमुकाम तानसेनमा शनिबार निकालिएको हनुमानको रथयात्रा । प्रत्येक वर्ष चैत्र शुक्ल पूर्णिमाका दिन रामभक्त हनुमान् जन्मजयन्ती मनाउने गरिन्छ । हनुमानको पूजा आराधना गरेमा बल, वुद्धि, विद्या मिल्ने, दुःख र सङ्कटबाट मुक्ति पाइने विश्वास छ । *तस्वीर : जगदीश भट्टराई /एनजेडी*

# निबन्ध सङ्ग्रह 'आत्मबोध' को विमर्श




**पाल्पा, चैत ३०**/निबन्ध सङ्ग्रह 'आत्मबोध' को तानसेनमा विमर्श गरिएको छ । साहित्यकार भागवत खनालद्वारा लिखित सङ्ग्रहको एक औपचारिक कार्यक्रमकाबिच विमर्श गरिएको हो ।

पाल्पा साहित्य समाजको आयोजनामा भएको कार्यक्रममा सहभागीहरुले निबन्ध सबैका लागि प्रेरणादायी र उपयोगी रहेको बताएका छन् । कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद् डा. रामप्रसाद ज्ञवालीले भागवत खनालको कृतिमा जीवन बोध रहेको बताए । उनले उक्त कृति सबैका लागि उपयोगी र प्रेरणादायी समेत रहेको भन्दै एक पटक सबैले पढ्नै पर्ने उल्लेख गरे । निबन्ध सङ्ग्रहमाथि साहित्यकार डा. टंकप्रसाद पन्थ र समाजका अध्यक्ष पुष्कर अथक रेग्मीले चर्चा परिचर्चा सहित समीक्षा गरेका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, नेपाली लेखक सङ्घका अध्यक्ष गोबिन्द खनाल,कालीगण्डकी करिडोर आयोजनाका प्रमुख कल्पना अधिकारी लगायतले निबन्ध सङ्ग्रको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

लेखक भागवत खनालले सहभागी सबैलाई धन्यवाद दिर्दै आगामी दिनमा सबैको साथ सहयोगले थप कृतिहरु प्रकाशित गर्दै जाने बताए । समाजका संरक्षक राजेन्द्र गोपाल सिंहको अध्यक्षता, सल्लाहकार चित्रवलीराम सुवालको स्वागत, सचिव सविता भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## खेल रद्द हुँदा नेपाल फाइनलमा




**काठमाडौं, चैत ३०**/हङकङमा जारी चार देशीय टी-२०आई क्रिकेट प्रतियोगिताको फाइनलमा नेपाल र कुवेत खेल्ने भएका छन् । शनिबार नेपाल र हङकङबीचको समूहको अन्तिम खेल वर्षाले रद्द भएपछि दुवै टोलीले अंक बाँडे ।

३ खेलमा २ जित र १ खेल नतिजाविहीन भएपछि नेपालको ५ अंक भयो । एक खेल मात्र जितेको हङकङको ३ अंक मात्र भयो । नेपाल समूहमा पहिलो हुँदै फाइनल खेल्ने पक्का भएको हो । यसअघि कुवेतले कतारलाई हराएर ४ अंक जोड्दै नेटरनरेट पनि बढाएपछि यो खेल निर्णायक बनेको थियो । खेलमा टस हारेर पहिले ब्याटिङ थालेको हङकङले ९ ओभरमा ३ विकेट गुमाएर ६८ रन बनाउँदा पानी पर्न थालेपछि खेल रोकिएको थियो । त्यसको केहीबेरमा वर्षा रोकिएर कभरहरू हटाएपछि प्रकाश कम रहेकाले खेल सुरु हुन ढिलाइ भएको थियो र फेरि पानी पर्न थालेपछि खेल सुरु भएन ।

नेपालले पहिलो खेलमा कतारलाई हराएको थियो भने दोस्रो खेलमा कुवेतलाई हराएको थियो ।

## गुल्मी...

...यहाँका काष्ठकलाका सामग्री व्यक्तिगत साथै सरकारी कार्यालय र मठमन्दिरमा समेत प्रयोग भइरहेका छन् । बजार क्षेत्रमा रहेका अन्य फर्निचर उद्योगमा भन्दा कारागारमा उत्पादन गरिएका सामग्री राम्रो र सस्तो भएका कारण यहाँका स्थानीय सामान किन्न कारागार पुग्ने गर्दछन ।

गुल्मी कारागारको सबैभन्दा पुरानो उत्पादन बाँसका मुढा हो । कारागारका ४१ जनाले दैनिक मुढा बुन्छन् । बजारमा मुढाको माग धेरै छ । मागअनुसार आपूर्ति गर्न नसकिएको कारागार प्रशासनले जनाएको छ । काष्ठकला, फर्निचर र मुढा जिल्लामै सबैभन्दा बढी खपत हुने गरेको चौकीदार थापाले बताए । त्यसका अतिरिक्त पुरुषहरूले बाहेक महिला कैदीबन्दीले वर्षौंदेखि घरेलु हस्तकलाका सल, टोपी, सुटपाइन्ट, सुइटरलगायत सामग्री बुन्ने गरेका छन् । यहाँ उत्पादित सामग्री पोखरा, पाल्पा, काठमाडौं, रसुवा, इलाम, सिराहादेखि जापानमा समेत कोसेलीका रुपमा पुग्ने गरेको चौकीदार थापाले बताए ।

अर्थ/कर्पोरेट समाचार


# निगमको नाफा ९ अर्ब ५० करोड




**पाल्पा, चैत ३०**/नेपाल आयल निगमले नौ अर्ब ५५ करोड नाफा आर्जन गरेको छ । निगमको गत आर्थिक वर्ष २०८०/८१ म उक्त रकम नाफा गरेको हो ।

शुक्रबार आयोजित ४३औं वार्षिक साधारणसभामा निगमले नौ अर्ब ५५ करोड नाफा गरेको जनाएको छ । निगमले गत आवमा तीन खर्ब ५६ अर्ब ७२ करोडको पेट्रोलियम पदार्थ आयात गरेकामा तीन खर्ब ६४ अर्ब ५२ करोड बराबरको पेट्रोलियम पदार्थ बिक्री गरेको थियो । त्रनिगमले अघिल्लो आर्थिक वर्ष २०७९/८० मा तीन खर्ब ८३ अर्बको पेट्रोलियम पदार्थ बिक्री गरेको जनाएको छ । पेट्रोलियम पदार्थको आयात र बिक्रीवितरणमा एकाधिकार रहेको निगमले मुलुकभर पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज बनाउँदै आइरहेको छ ।

# गुडिरहेको कारमा पहिरो खस्दा एक जना घाइते



**पाल्पा, चैत ३०**/सिद्धार्थ राजमार्गअन्तर्गतको सिद्धबाबा क्षेत्रमा गुडिरहेको कारमा पहिरो खस्दा एक जना घाइते भएका छन् । शनिबार विहान जिल्लाको तिनाउ गाउँपालिका-३ दोभानस्थित सिद्धाबाबा क्षेत्रमा बुटवलबाट पाल्पा आउँदै गरेको लुम्बिनी प्रदेशको ०१-००१ ज ०२७६ नम्बरको कारमा सडकमाथिबाट खसेको ढुङ्गासहितको पहिरोले लागेर कारमा सवार एक जना घाइते भएका हुन् ।

कारमा ४ जना सवार रहेकोमा एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरिक्षक (एसपी) नरेन्द्र चन्दले जानकारी दिए । घाइते हुनेमा बुटवल तिलोत्तमा नगरपालिका -१६ का ५० वर्षीय गणेश गैरे रहेको एसपी चन्दले बताए । घाइते गैरेको अहिले लुम्बिनी प्रादेशीक अस्पताल बुटवलमा उपचार भइरहेको छ । उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । उनीहरु पाल्पाको भैरवस्थान दर्शन गर्न भनि हिडेका थिए । ठूलो ढुङ्गासहितको पहिरो कारमाथि खस्दा कार पूर्ण रुपमा क्षति भएको छ । पहिरोका कारण केही समय सडक समेत अवरुद्ध बनेको थियो । सडक अवरुद्ध हुँदा बुटवल, पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जा, पोखरा, पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ लगायतका गन्तव्यमा पुग्ने सवारी साधनहरु सडकमै रोकिएका थिए । अहिले सडक सुचारु भएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई